Received Date: Oct. 2022 Revised: Nov. 2022 Accepted: Dec. 2022

पुस्तक समीक्षा (Book Review)

# विराटनगरको अन्वेषणात्मक इतिहास

**डा. विजयप्रसाद मिश्र**
सहप्राध्यापक, पाटन संयुक्त क्याम्पस ।
इमेल : vijayamishra40@gmail.com
Doi : https://doi.org/10.3126/ppj.v2i2.53184

**पृष्ठभूमि :**

नेपालमा इतिहास भन्ने वित्तिकै राजा महाराजाको इतिहास भन्ने बुझाई थियो । विस्तारै इतिहासको दायरा फराकिलो हुँदै गयो ।  क्षेत्रीय इतिहासका छिटफुट पुस्तकहरु आउन थाले । इतिहासको दायरालाई अझ फराकिलो पार्नका लागि शहरको बस्ती विकास र औद्योगिकरणको इतिहास लेख्ने जमर्को डा. जगतप्रसाद पराजुलीले गर्नुभएको छ । पराजुलीले ‘बिराटनगरको अन्वेषणात्मक इतिहास’ लेखेर यसको आंशिक आवश्यकता पुरा गर्नु भएको छ ।

नेपालका  इतिहासविद्हरूले वि.सं. २०२६ सालमा राष्ट्रिय इतिहास लेख्न बनाएको समितिले पनि आफ्नो काम गर्न सकेको थिएन । अहिलेसम्म नेपाल सरकारको तर्फबाट राष्ट्रिय इतिहास लेखनको काम गर्न लगाइएको छैन् । इतिहासलाई सङ्कुचित बनाउदै लग्ने परम्परावादी सोचलाई पाखा लगाउँदै इतिहास राजा महाराजाको मात्र होइन, नत मानिसहरुको मात्र हो, यसमा शहर बजार, औद्योगिकिकरणका लागि भएका गतिविधिहरु समेतलाई समेटेर इतिहासको दायरा बढाउनु पर्दछ । जुन काममा डा. जगतप्रसाद पराजुली लाग्नु भएको छ । उहाँको विराटनगरको बारेमा लेखिएको यस पुस्तकले उक्तकुरा पुष्टी गरेको छ ।

इतिहासको दायरा बढाउँदै आर्थिक र भौतिक पूर्वाधार विकासको इतिहासलाई पनि हामीले पटक पटक संकलन गर्ने र त्यसलाई सार्वजनिक गर्ने काम गरेको खण्डमा मानिसमा नयाँ नयाँ आशाका किरणहरु देखिन थाल्नेछन् । इतिहासका विभिन्न पाटाहरु छन् । देशको लागि केही गरौं भनेर सामाजिक, शैक्षिक र आर्थिक विकासमा लागेका महत्वपूर्ण व्यक्तिहरुलाई हामीले इतिहासका विभिन्न पक्षहरुसंग तुलना गर्दै उनीहरुको योगदानलाई लिपिवद्ध गरिदिनु पर्दछ । बिराटनगरको विकासका लागि कृष्णप्रसाद कोइरालाले खेलेको भूमिका, विपी कोइराला, मनमोहन अधिकारी लगायत राजनीतिक व्यक्तित्वहरुको योगदानलाई यस पुस्तकमा ससम्मान सम्झिएको पाइन्छ ।

पुस्तकमा अनुसन्धानात्मक पद्दती प्रयोग गरेर सप्रसङ्ग व्याख्या गरिएको छ । पुस्तकले विराटनगरको बस्तिविकास देखि औद्योगिक विकासका बारेमा यस अघि प्रकाशन भएका पुस्तक र अन्य सामग्रीहरुमा के के आइसकेका छन् र थप के के आउन बाँकी रहेका छन् भन्ने बारेमा अध्याय दुईमा समीक्षा गरेको र अध्याय तीनमा अध्ययन विधिको बारेमा समेत उल्लेख गरेकोले यो पुस्तक विशुद्ध अनुसन्धान पद्दतीका आधारमा लेखिएको छ भन्न सकिन्छ । त्यसैले पुस्तक प्राज्ञिक दृष्टिकोणले अति नै महत्वपूर्ण र अध्ययन अनुसन्धानकर्ताहरुको लागि समेत उत्तिकै उपयोगी छ ।

पाटन संयुक्त क्याम्पस, पाटनढोका ललितपुरका सहप्राध्यापक डा. जगतप्रसाद पराजुलीले लेख्नु भएको ‘विराटनगरको अन्वेषणात्मक इतिहास’ नामक  पुस्तकको प्रकाशन २०७९ सालमा सनातन प्रेस बानेश्वर, काठमाडौंले गरेकशिखा बुक्सले गरेको छ । लेखकले वि.सं. २०५५ सालदेखि २०६७ सालसम्म स्नातकोत्तर

क्याम्पस, विराटनगरमा इतिहास विषयको प्राध्यापन गर्नु भएकोले बिराटनगरलाई प्राज्ञिक नजरले प्रत्यक्ष हेर्नु भएकोले यसमा विराटनगरको सबै पक्षलाई मिहिनेत गरेर समेट्न सफल हुनु भएको देखिन्छ । १२ बर्ष ६ महिना विराटनगरमै प्राध्यापन गर्नु भएको र त्यसअघि बुटबल र पछि पाटन संयुक्त क्याम्पस, ललितपुरमा प्राध्यापन गरिरहनु भएकोले अध्ययन क्षेत्रमा प्रशस्त अवलोकन गर्न पाउनु भएको, राजनीतिक, प्राज्ञिक बर्ग र व्यापारी र उद्योगपतिहरुसंग समेत उठबस भएर धेरै सूचनाहरु प्राप्त गर्नु भएकोले ती सूचनालाई प्राज्ञिक रुपमा अनुसन्धानको विधिहरु प्रयोग गरेर लेख्नु भएको यो पुस्तक नेपालकै राजनीतिकक सहरको रुपमा विराटनगरलाई उभ्याउन समेत सफल भएको छ ।

विश्वविद्यालयमा प्राध्यापनरत प्राध्याकपकहरुको सेवा अवधि १५ बर्ष कटेपछि केही वर्ष पूरै अनुसन्धानमा लगाउनु पर्ने हो । अनुसन्धानमा बढी ध्यान नदिइएकै कारण इतिहासका केही पुस्तकहरु विभिन्न स्रोतबाट तानतुन पारेर सम्पादक जस्तो देखिने गरी लेखक भएर प्रकाशन गरेको हो कि भन्ने अनुभुति पाठकहरुलाई हुने गरेको यदाकता टिप्पणी सुन्न पाइन्छ । सरकारले यसतर्फ ध्यान नदिएपछि केही प्राध्यापकहरुले आफ्नो नीजि इच्छामा प्राध्यापनबाट बाँकी रहेको समयलाई सदुपयोग गर्दै इतिहास लेखन गरिरहनु भएको छ । ती केही प्राध्यापकमध्ये पराजुली एक हुनुहुन्छ ।

**शीर्षक चयन :**

लेखक पराजुलीले पुस्तकको नाम 'विराटनगरको अन्वेषणात्मक इतिहास' राख्नु भएको छ । पुस्तकमा राखिएका विषयसूचीहरु र त्यसभित्र गरिएको व्याख्या, विश्लेषण हेर्दा विराटनगरको बस्ती विकास देखि यहाँको सामाजिक काम, राजनीतिक आन्दोलन र औद्योगिक विकासलाई संगसंगै कसरी अगाडी बढाइएको थियो भन्ने विषयलाई केन्द्रविन्दुमा राखेर व्याख्या विश्लेषण गरिएकोले पुस्तकको शीर्षक सान्दर्भिक छ । विराटनगरको सामाजिक, आर्थिक, राजनीतिक र शिक्षाको क्षेत्रलाई समेटेर पुस्तक तयार गरिएकोले शीर्षकमा विराटनगरलाई नै केन्द्रित गरेको देखिन्छ । साथै अनुसन्धानका विधिहरुको प्रयोग गरेर पूर्व प्रकाशित अन्य सामग्रीहरुको समेत समीक्षा गरेर ज्ञागिक प्रक्रियाहरु पुरा गरीलेखिएकोले यो अन्वेषणात्मक समेत रहेको छ ।

एउटा शहरका विशेषताहरु भित्र पर्ने सवै पक्षलाई सप्रमाण व्याख्या गरिएको र शहरभित्र यातायात, भौतिक पूर्वाधार, सञ्चार, शिक्षा, सामाजिक चाडपर्व मनाउने विधि प्रक्रिया र समाजको सहभागिता, औद्योगिक विकास, उत्पादनमा चाहिने जनशक्तिहरु, उत्पादनका लागि चाहिने कच्चा पदार्थ, कृषी, व्याख्या, बाणिज्य सबै पक्षलार्य सुक्ष्म रुपमा व्याख्या विस्तार गर्दै यी सबै कुराको विकासले राजनीतिलाई कसरी सहयोग गरिरहेको हुन्छ र राजनीतिबाट यी विकासका प्रक्रियाहरु कसरी प्रभावित भइरहेका हुन्छन् भन्ने कोणबाट समेत पुस्तकमा व्याख्या विश्लेषण भएकोले पुस्तकको शीर्षक चयन सान्दर्भिक र विषयबस्तुको प्रस्तुतिकरणको आधारमा राखिएको छ भन्न सकिन्छ ।

**अध्याय विभाजन :**

बिराटनगरको विकासका बारेमा व्याख्या विश्लेषण गर्न औद्योगिक विकास, शहरी विकास र राजनीतिक विकासलाई संगसंगै हेरिनुपर्ने भएकोले पुस्तकको अगाडीको आवरण पृष्ठमा तीनपक्षकै सन्देश दिनेगरी जसरी बीपी कोइराला लगायतको राजनीतिक व्यक्तित्वहरुको तस्वीर, बिराटनगर जुलमिलको तस्वीर र विराटनगरको शहर विकासलाई झल्काउन विराटनगर प्रवेश द्वारको तस्वीरलाई समेटिएको छ त्यसले पुस्तकले व्याखया गर्नखोजेको मूख्य विषयबस्तु के के हो भन्ने पूर्वअनुमान लगाउन सकिने बनाएको छ । पछाडीको आवरण पृष्ठमा लेखकको परिचय खुल्ने जानकारी तथा लेखकले अहिलेसम्म लेखेका पुस्तकहरु र प्रकाशोन्मूख कृतिहरुको नाम सहित उल्लेख गरिएको छ । यसले लेखकको लेखनबाट थप इतिहास

उजागर हुने र पाठकहरुले नेपालको बारेमा लुकेर बसेका थप सूचनाहरु उहाँको पुस्तकका माध्यमबाट थाहा पाउने पक्का पक्कि छ ।

पुस्तकको कभर र प्रारम्भिक खण्डमा आफ्नो कुरा र विषयसूची राखिएको छ । अन्य केही पुस्तकहरुमा कसैबाट भूमिका लेखाउने काम गरिएको समेत पाइन्छ । तर यस पुस्तकमा प्रा.डा. राजाराम थापाले भूमिका लेख्नु भएको छ । थपाले भूमिकामा पुस्तक रोचक, उपयोगी र उत्कृष्ट रहेको उल्लेख गर्नु भएको छ । साथै उहाँले पराजुलीको पूर्वप्रकाशित कृतिहरु इतिहास एवं दर्शनका दृष्टिकोणले उत्कृष्ट एवं लोकप्रिय सावित भइसकेको बताउनु भएको छ । पराजुलीको यो पुस्तक लेखनले आञ्चलिक इतिहास लेखनको पायोनियर कृति बन्ने ठोकुवा गर्नु भएका थापाले पुस्तकमा पराजुलीले भूआवादीकरण, वसोवास विस्तारमा सहुलियत, घरगोठ, टहरा निर्माण्मा निःशुल्क काठ वितरण, अड्डाहरु स्थानान्तरण, औद्योगिक गोला विस्तारजस्ता कुराहरुलाई सुक्ष्म रुपमा व्याख्या विश्लेषण गरेर विराटगर कति मिहिनेतले यो अवस्थामा अएको हो भन्ने कुरालाई नयाँ पुस्तालाई बुझ्न सहज भएको तर्क दिएर राष्ट्रिय इतिहास लेखनमा यस पुस्तकले कहकिलो जग निर्माण गरेको ठहर गर्नु भएको छ । भूमिकाले नै पुस्तकको समग्र समीक्षा गरिसकेको छ ।

समग्रमा पुस्तक ३४८ पेजमा समेटिएको यो पुस्तकको विषयसूची अन्तर्गत भने ३३४ पेजमा आठवटा अध्यायहरुमा विभाजन गरी व्याख्या गरिएको छ । अध्याय एक पृष्ठ १ देखि २० सम्ममा विषय प्रवेश, एतिहासिक प्राचीनता, पुस्तक लेखनका मुख्य समस्याहरु, लेखकीय सवालहरु, पुस्तक लेखनको उद्देश्यहरु, कृषिको सीमा निर्धारण, पुस्तक लेखनको औचित्य, पुस्तकको महत्व र उपयोगिता तथा पुस्तकको अध्याय विभाजनलाई समेटिएको छ । अध्याय दुई पेज २०देखि ३८ सम्म पूर्वकार्यको समीक्षा उल्लेख छ भने अध्याय तीनमा ३९ पेजदेखि ४९ पेजसम्म अध्ययन विधिलाई समेटिएको छ । अध्याय चारलाई ५०देखि ९० पेजसम्ममा समेटिएको छ । जसमा राजनीतिक अवस्थालाई विराटनगरको नामाकरण, विराटनगरको ऐतिहासिकता, विराटनगरको प्रशासनिक संरचना भित्र अमिनि, पुलिस थाना, माल अड्डाको व्याख्या गरिएको छ । यो अध्यायको अन्त्यमा विराटनगरको राजनैतिक जनजागरणको प्रसंगलाई उल्लेख गरिएको छ ।

अध्याय ६ लाई पेज नं. ९१ देखि १६६ सम्म विस्तृत रुपमा सामाजिक अवस्थालाई बर्णन गरिउको छ । विराटनगरमा बसोबास गर्ने बासिन्दाहरुको थर, जात र उनीहरुको परम्परा रितिरिवाजलाई समेटिएको छ भने समगै विराटनगरको रहन सहन, खानपिन, भेषभूषा, मनोविनोदलाई सामाजिक जनजीवनको शीर्क्षकमा व्याख्या विश्लेषण गरिएको छ । यस अध्यायमा धर्म र धार्मिक विश्वास, मूख्य मूख्य मठमन्दिरहरुको सविस्तार बर्णन गरिउको छ । विराटनगरमा बनस्खण्डी महादेव मन्दिर, काली मन्दिर, विराटेश्वर शिब मन्दिर, राधाकृष्ण मन्दिर र ऐतिासिक रथ यात्राको कथा, रामजानकी मन्दिर जानकी मन्दिर, सत्यनारायण मन्दिर र बंगलामूखी मन्दिरको बारेमा उल्लेख गरिएको छ ।

अध्याय छ मा नै पराजुलीले पुरातात्विक स्थल भेडियारीको बारेमा व्याख्या गरेर विराटनगरको विराटराजासंगको सम्बन्धलाई प्रष्टाउने काम गर्नु भएको छ । साथै साँस्कृतिक जनजीवन, उत्सव र चाडर्वहरुलाई व्याख्या गर्दा यसमा क्षेत्रीय र जातीय पर्वहरुलाई छुटाउनु भएको छैन ।

अध्याय छ लाई १६७ पेजदेखि २४५ पेजसम्म विराटनगरको आर्थिक जीवनका बारेमा व्याख्या विश्लेषण गरिएको छ । भौगोलिक परिवेश, प्राकृतिक सम्पदाहरु, कृषि व्यवसाय, विराटनगरको उद्योगधन्दा, व्यापार, बाणिज्य र यातायात सञ्चारको बारेमा सविस्तार व्याख्या विश्लेषण ऐतिहासिक तथ्यको आधारमा गरिएको छ ।

अध्याय सातलाई २४६ पेजदेखि २९७ पेजभित्र शैक्षिक अवस्थाको बारेमा उल्लेख गरिएको छ । विराटनगरको परम्परागत शिक्षा, व्यवसायिक शिक्षा र पाश्चात्य शिक्षा गरी तीन भागमा यसलाई विभाजन गर्नु भएको छ । कृष्णप्रसाद कोइरालाले शिक्षामा गरेको योगदानले गर्दा नै यहाँ विस्तारै राजनीतिक चेतना आएको विषयलाई यस पुस्तकले पुष्टी गरेको छ ।

अध्याय आठलाई पेज नं. २९८ देखि ३३४ सम्ममा परिशिष्ट र सन्दर्भ सामग्री सूची राखिएको छ । परिशिष्टमा राखिएको पुराना लिखतहरुले विराटनगरको इतिहासलाई प्रमाणित गर्न सहज भएको छ । यो संकलनले पुस्तक लेखनमा पराजुलीले गर्नुभएको अनुन्धान र मिहिनेत प्रष्ट देखिन्छ ।

**लेखन क्षेत्रमा लेखकको परिश्रम :**

प्रस्तुत पुस्तकका लेखक डा. जगतप्रसाद पराजुलीले अन्तर्वार्ताका क्रममा सोधिएका प्रश्नहरुको सूची परिशिष्ट १ मा राख्नु भएको छ । प्रश्नले विराटनगरको समग्र पक्षको ऐतिहासिक जानकारी प्राप्त गर्न सहज भएको छ । पुस्तकमा उहाँले २० जनासंग अन्तर्वार्ता लिनु भएको छ भने प्राइमिनिष्टर श्री ३ जुद्धशमशेर राणाको समयमा मोरङ विराटनगर गोश्वाराका नाममा जारी भएको सवाल सनदलाई परिशिष्ट २ मा राख्नु भएको छ । साथै परिशिष्ट ३ मा विसं. १९७३ मा चन्द्रशमशेर राणाले उर्दि पुर्जी जारी गरेको सनद राख्नु भएको छ भने परिशिष्ट ४ मा विराटनगरको ऐतिहासिक तथा धार्मिक स्थिति झल्कने ११ वटा फोटो राख्नु भएको छ । पुस्तक लेखनको क्रममा ९ वटा सरकारी दस्तावेजहरुबाट सूचना संकलन गरिएको १०४ वटा नेपाली पुस्तक, ९७ वटा अंग्रेजी पुस्तकहरु, पाँचबटा हिन्दी र मैथली पुस्तकहरु, सातवटा नेपाली शोधग्रन्थहरु, ८ वटा अंग्रेजी शोधग्रन्थहरु र ५८ वटा नेपाली जर्नल र स्मारिकामा प्रकाशन भएका लेख रचनाहरु बाट सूचनाहरु संकलन गरिएको छ । साथै १२ वटा अंग्रेजीको लेख रचनाहरु, ४ वटा नेपाली भाषामा लेखिएको कार्यपत्रहरु र ४ वटा अंग्रेजी भाषामा लेखिएका कार्यपत्रहरुको अध्ययन गरेर खोजिएका सूचनाहरुलाई प्राज्ञिक ढंगले विश्लेषण गरी विभिन्न उपशीर्षकहरुमा सन्दर्भ अनुसार राखिएको छ । त्यसैले पुस्तकमा लेखकले धेरै मिहिनेत गर्नु भएको छ । लेखिएको सबै स्थानको अवलोकन गर्नु भएको र स्थानीय पुरानामानिसहरुसंग अन्तर्वार्ता लिने र त्यहाँ भएका पुराना सामग्रीहरुको ऐतिहासिकता खोज्नु भएकोले यो पुस्तक लेख्न सम्भव समेत भएको हो । लेखक पराजुलीले स्नातकोत्तर क्याम्पसमा एम.ए. शोधपत्र लेख्ने विद्यार्थीहरुलाई निर्देशन दिने क्रममा समेत स्थानीय विषयहरुको बारेमा सूचनाहरु प्राप्त भएका र ती सूचनाहरुलाई प्राज्ञिक दृष्टिले प्रमाणित गर्न थप मिहिनेत गरेर यसलाई अन्तिम रुप दिनु भएकोले उहाँको मिहिनेत प्रशस्त परेको छ ।

पराजुलीले यस अघि इतिहास दर्शन, नेपालको प्रजातान्त्रिक आनदोनमा काशीप्रसाद श्रीवास्तवको योगदान, सामाजिक विज्ञानमा अनुसन्धानात्मक पद्दतीजस्ता पुस्तकहरु प्रकाशन गरिसक्नु भएको छ भने राष्ट्रिय र अन्तराष्ट्रिय जर्नल तथा पत्रपत्रिकाहरुमा ६ दर्जनभन्दा बढी अनुसन्धानात्मक तथा साधारण लेख रचनाहरु प्रकाशन गरिसक्नु भएकोले पनि यो पुस्तकमा ती सबै अनुभवबाट थपिएको दक्षतालाई यसमा लगाउनु भएको छ ।

**अनुसन्धान विधि :**

यस पुस्तकका लेखक पराजुलीले पुस्तकको अध्याय तीनमा अध्ययन विधिकोबारेमा सविस्तार बर्षण गर्नु भएको छ । इतिहासको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सत्य घटनालाई विश्लेषणात्मक व्याख्या गर्न सक्नु हो । इतिहास पुष्टीगर्न प्रमाणहरुको आवश्यकता पर्दछ । ती प्रमाणहरु अनुसन्धानका विभिन्न विधिहरु प्रयोग गरेर लिइन्छ । लेखक १२ बर्ष ६ महिना विराटनगरमा प्राध्यापन गर्दा अवलोकन भ्रमण पटक पटक गरेर सूचना संकलन गर्नु भएकै छ त्यसमा थप पुष्टीका लागि अन्तर्वार्ता, दस्तावेजहरुको अध्ययन समेत गरेको पाइन्छ ।

उहाँले प्राप्त भएका पुराना मानिसहरुसंग अन्तर्वार्ता गर्नु भएको, तत्कालिन अवस्थामा जारी गरिएका सनद, धार्मिक तथा पुरातात्विक सामग्रीहरुको अवलोकन र अध्ययन गर्नु भएको पाइन्छ। विभिन्न प्राज्ञिक बर्ग र स्थानीय बौद्धिक बर्गले लेखका लेखहरु, अनुसन्धानात्मक शोधकार्यहरु र तत्कालिन विषय समेटिएका विभिन्न नेपाली, अंग्रेजी, मैथली र हिन्दी भाषाका पुस्तकहरुमा उल्लेख भएका सूचनाहरुलाई तुलना गर्दै सत्यको नजिक पुग्नका लागि अन्तर्वार्ता, लेख र पुस्तकहरुमा उल्लेख भएका जानकारीहरु बीच विश्लषेण गरेर आफ्नो प्राज्ञिक दक्षताको प्रयोग गर्दै विश्लेषणहरु गर्ने काम लेखकले गर्नु भएकोले यो पुस्तक पूर्णतः अनुसन्धानात्मक विधिमा आधारित छ भन्न सकिन्छ।

पुस्तकमा एपीए. विधि प्रयोग भएको छ । पुस्तकले अनुसन्धानात्मक ढाँचालाई प्रक्रियागत ढंगले अनुशरण गरेको तथा अध्ययनको ढाँचा, अध्ययन अनुसन्धानका क्षेत्रहरु, उद्देश्यमूलक नमुना छनौट गरेर तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण गर्दा गुणात्मक तथ्याङ्कहरुलाई विश्लेषणात्मक एवं व्याख्यात्मक शैलीमा प्रसतुतिकरण गरेर अध्ययन कार्यलाई भरपर्दोपन, विश्वसनीयता, प्रमाणिकता तथा ऐतिहासिक प्रमाण युक्तता बनाउने तर्फ विशेष मिहिनेत गर्नु भएको छ।

सूचनाका स्रोतहरु अन्तर्गत प्राथमिक स्रोतमा अवलोकन भ्रमण, गहन अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल, यान्त्रिक पद्दतीकीको प्रयोग तथा सहायक स्रोतको उपयोग गर्न क्याटलग पद्दतिबाट सूचना संकलन गरी उपयुक्त ठाउँमा ती सूचनाहरुलाई स्थान दिइएको पाइएको छ।

**बिषयबस्तुको प्रस्तुतिकरण :**

पुस्तकले विराटनगरलाई ऐतिहासिक, सामाजसेवीहरुलाई मार्गदर्शन दिने शहरको रुपमा स्थापित गरेको छ। यसले विराटनगर जसले मुलुकलाई धेरै प्रधानमन्त्री दिने शहरको रुपमा आफ्नो नाम दर्ज गर्न पाएको छ, जसले पूर्वका विकास भित्राउन, औद्योगिक क्रान्ति गर्न र त्यही उद्योगहरुमध्ये एक जुटमिलमा पुर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गरेको आन्दोलनको जगमा नेपालमा प्रजातन्त्र आएको भन्ने सन्दर्भलाई पुष्टी गर्ने आधारहरु स्थापित गरिदिएको छ।

पुस्तकमा भारतमा शासन गरेका ब्रिटिशहरुले रेल विस्तारका लागि नेपालको चारकोशे झाडीबाट सखुवा काठ लानका लागि रेलको सञ्जाल विकास गर्दै नेपाली सीमा क्षेत्रसम्म ल्याउँदा विराटनगरको सीमासंग जोडिएको फारमिसगञ्जसम्म आएको र त्यसलाई जोगवनीसम्म जोड्न समाजसेवी कृणप्रसाद कोइरालाको अगुवाईमा हनुमानदास श्रेष्ठ, गुन्जमान मल्ल लगायतका विकास प्रेमी व्यक्तिहरुको पहल काम लाग्यो। फलस्वरुप नेपालगंज एक्स्टेन्सनको नामबाट विराटनगरको सीमावर्ती नाकासम्म भारतीय रेल विस्तार भएको थियो। यसबाट त्यसवेला विराटनगरलाई नेपालगञ्ज भन्ने गरिएको थियो भन्ने पुष्टि भएको छ। उक्त रेलमार्गले नै विराटनगरको बस्ती विकास र शहरीकरणको लागि फलदायी भएको थियो।

बिराटनगरलाई पहिले गोग्राहा, नेपालगञ्ज र चन्द्रगञ्जको नामबाट सम्बोध नगरिएपनि चन्द्रशमशेरले जारी गरेको सनदमा विराटनगर भनेर सम्बोधन गरिदिएपछि यसको नाम विराटनगर रहन गएको हो। एक प्रसङ्गमा विराटराजाको अधिनमा रहेको क्षेत्र भएकोले यसलाई विराटनगर भनिएको छ।

यहाँ नेपालीहरुको शासनको इतिहासको व्याख्या गर्दै लेखकले पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरेपछि पूर्वी तराईको प्रशासन मोरङबाट रेखदेख गर्न शुरु गरिएको बताउनु भएको छ। राणा शासनकालमा आएर विराटनगरले नाम पाउनुको साथै उन्नती हुने अवसर प्राप्त गरेको देखिन्छ। खासगरी कृष्णप्रसाद कोइरालाले चन्द्रशमशेरलाई पटक पटक पत्र पठाएर समाजिक सुधारका लागि अनुरोध गरेको तथा नेपालीहरुको अवस्था बुझाउन सिरहाको माडरबाट धाक्रेहरुले लगाएको पुरानो लुगा संकलन गरी आफ्नो उद्योगीगोलाका मुन्सीलाई पहाडे ढाक्रेले लगाएका थोत्रा चिथ्रा च्यातिएका र धेरै

ठाउँमा टालिएका कपडाको पोको बनाउन लगाएर पार्सल भित्र चिठी लेखेर पठाएको प्रसंग खुवै चर्चामा अहिलेसम्म छ । यसलाई पराजुलीले सप्रङ्ग व्याख्या गर्नु भएको छ ।

राणा शासन विरुद्ध गरिएको आन्दोलनमा विराटनगरमा जनमुक्ति सेनाले गरेको घेराऊदेखि जुटमिलको मजदुर आन्दोलनका बारेमा सविस्तार व्याख्या गरेर विराटनगरको राजनीतिक महत्वलाई स्थापित गर्न लेखक सफल हुनु भएको छ ।

विराटनगरको औद्योगिक विकास, व्यापार र वाणिज्यको क्षेत्रमा भएको प्रगतिलाई सविस्तार बर्णन गरेर इतिहास लेखनमा नयाँ स्वाद थप्न सफल हुनु भएको छ । पुस्तकमा विराटनगरका प्रमुख उद्योगहरुको सविस्तार बर्णन गरिएको छ भने व्यापारीहरुलाई कसरी विराटनगरमा बस्नका लागि अवसरहरु जुटाइएको थियो ? शुरुवातमा घोडामा सामान लिएर बेच्न आउने व्यापारीहरुलाई बिराटनगरमा गोला खोल्न दिएर बसोबासको व्यवस्था मिलाएको तथा सरकारबाट समेत सेवा सुविधाहरु उपलब्ध गराएर पूर्वको केन्द्रविन्दु विराटनगरलाई कसरी पारिएको थियो भन्ने विषयमा ऐतिहासिक प्रमाणहरु सहित व्याख्या गरिएको छ ।

विराटनगरमा बसाईसरेर आउने क्रम बढ्नु अघि त्यसभेगमा बसोबास गर्ने जाति समुदायहरु को को थिए र उनीहरुको जनजीवन कस्तो थियो ? चाडपर्व, रितिरिवाजहरु त्था क्षेत्रीय र स्थानीय पर्वहरुको बारेमा समेत व्याख्या गरिएको छ । कृषि, कच्चा पदार्थ उपयोगको अवस्थादेख मठमन्दिरहरुको स्थापना, संरक्षणका लागि स्थानीय समाजसेवीको योगदानलाई सप्रसङ्ग व्याख्या गरिएको छ ।

अन्त्यमा शिक्षा क्षेत्रमा समेत भएका प्रगतीहरुलाई विभिन्न कोणबाट विश्लेषण गरिएको छ । कृष्णप्रसाद कोइराला निर्वासबाट फर्किएपछि आफूसंगै विद्यालयको सामग्री र शिक्षकहरु पनि विराटनगर ल्याएका थिए र अहिले विराटनगरको आर्थक उच्चमाध्यमिक विद्यालय शुरुमा कोइरालाहरुले स्थापित गरेको कुरालाई पुस्तकले पुष्टी गरेको छ ।

इतिहासका जुनसुकै पक्षको खोजिविन गर्दा वा लेख्दा प्रमाणमा आधारित भएर लेख्नुपर्ने हुन्छ । देशभित्र हुने गरेको राजनीतिक, सामाजिक, आर्थिक, धार्मिक अन्य विभिन्न घटनाक्रमलाई विभिन्न विषयबस्तुमा ढालेर इतिहास तयार गर्ने गरिएको छ । नेपालको इतिहासको आर्थिक, सामाजिक पाटोलाई जति बढी अनुसन्धान गरेर प्रकाशन वा प्रसारण गरियो वा विश्वमा त्यसको प्रचार प्रसार गरिया त्यति नै त्यसले देशको पहिचान विश्वमा फैलाउन सकिन्छ र यसले देशको राष्ट्रियता बलियो हुन्छ ।

मुलुकमा सामाजिक आन्दोलनबाट राजनीतिक अधिकार लिनका लागि कृष्णप्रसाद कोइरालाले गरेको सामाजिक कामलाई अर्थपूर्ण रुपमा हेरिने हो भने राणाशासनको अन्त्यका लागि कोइराला परिवारले विराटनगरमा बसेर गरेको संघर्षलाई यस पुस्तकमा सटिक रुपमा उल्लेख गरिएको छ । कृष्णप्रसाद कोइरालाले विराटनगरमा विद्यालय खोलेर शिक्षाको ज्योति दिनका लागि जुन प्रयास गरेका थिए र बस्ती विकासका लागि विराटनगरमा जुन मिहिनेत गरेर त्यसकै जगमा आज विराटनगरलाई हामी सबैले राजनीतिक सहर भन्न पाएका छौं । पुस्तकमा विराटनगरको शिक्षा विकास, राजनीतिक विकास र औद्योगिक विकासको सेरोफेरोमा कोइराला परिवारको अगुवाई देखिन्छ । जुन परिवारले नेपाली कांग्रेसलाई अगाडी बढाएर नेपालको प्रमुख पार्टीको रुपमा स्थापित मात्र गरेका थिएनन् । उनीहरुको योगदानलाई थेगेर राख्न पछिल्लो समय डा. शेखर कोइरालाले नेपाली कांग्रेसमा खेल्नु भएको भूमिका हेर्दा पुस्तकले बर्णन गरेको कोइराला परिवारको योगदानको निरन्तरता भन्ने पुष्टी समेत भएको छ ।

**निष्कर्ष :**

पुस्तकका लेखक डा. जगतप्रसाद पराजुलीले इतिहास दर्शनदेखि सामाजिक विज्ञानमा अनसन्धान पद्धति नामक पुस्तक समेत अन्य पुस्तक र जर्नलमा अनुसन्धानात्मक लेखहरु प्रशस्त लेखिसक्नु भएको तथा

विराटनगरलाई आधार बनाएर धेरै अध्ययन अनुसन्धान गरेर जर्नलमा र स्थानीय पत्रपत्रिकामा लेखहरु लेखिसक्नु भएकोले त्यसमा आधारित भएर यो पुस्तकको लेखनमा अझ निखारता ल्याउनु भएको देखिन्छ । पुस्तकमा गरिएका विश्लेषण प्रमाण विनाका छैनन् । केही विश्लेषणमा पक्ष विपक्षजस्तै तर्क विर्तक गरेर सामान्यकरण गर्ने प्रयास गर्नु भएको छ ।

लेखकले विराटनगर, जनकपुर र बीरगञ्जको बस्ती विकासको विषयमा विद्यावारिधीको शोधपत्र समेत गरिसक्नु भएकोले उहाँसंग प्रकाशित, अप्रकाशित धेरै सामग्रीहरु थिए जसलाई यो पुस्तकमा समेटेर विराटनगरको समग्र इतिहासले फरक धारबाट व्याख्या विश्लेषण गरेर इतिहासको दायरालाई नै फराकिलो बनाउन सफल हुनु भएको छ ।

बिराटनगर शहर विस्तार हुनमा अंग्रेज, राणा, स्थानीय व्यापारी र समाजसेवीहरुले कसरी योगदान दिएका थिए ? नेपालको राजनीतिक विकासको क्रममा विराटनगरको योगदान कसरी महत्वपूर्ण छ भन्ने पुष्टी गर्न सफल हुनु भएकोले यो पुस्तक आफ्नो उद्देश्यमा सफल भएको छ ।

पुस्तकले विराटनगरका बारेमा जान्न बुझ्न चाहने र कोइराला परिवारको विराटनगरसंगको सम्बन्धनको भित्री कुरा बुझ्न चाहनेहरुको कौतुहलतालाई पुरा गर्न कतिपय नयाँ जानकारीहरु पस्कन सकेको छ । एउटा शहरको विकास कसरी कसकसको सहयोगबाट हुन सक्दछ र शहरमा शिक्षा, धार्मिक र सामाजिक गतिविधिहरुले कसरी महत्व राख्दछ भन्ने बुझाउन समेत यो पुस्तक सफल भएको छ ।

पुस्तकमा लेखकले बीचबीचमा प्रसङ्ग अनुसार तस्वीरहरु नराख्नु, बिराटनगरमा कोइराला परिवार बसाइसरेर जानुभन्दा अघिको जाकिकतय समिकरण र उनीहरुको योदगानको बारेमा विस्तारमा चर्चा नगर्नु तथा विराटनगरको बस्ती विकासमा माडवारी समुदाय र नेवार समुदायको योगदानलाई उच्चा मूल्याङ्कन नगरी कोइराला परिवारको बारेमा मात्र बढी परिचर्चा गरेर कोइरालाहरु अनाएको भए विराटनगर शहरीकरण नै हुँदैनथ्यो कि भन्ने खालले तथ्यहरुको प्रस्तुतीकरण गरिनुलाई यस पुस्तकमा थप अनुन्धान गर्न बाँकी विषयको रुपमा लिएको छु । समग्रमा पुस्तकले अनुसन्धानका विधि प्रयोग गर्न कुनै कसर नछोडेको र विराटनगरको विकासमा राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, धार्मिक गतिविधिको विश्लेषण उत्कृष्ट रुपमा गर्नु भएकोले पुस्तक उपयोगी, उत्कृष्ट र इतिहास लेखनमा एउटा नयाँ धार थप्न सफल हुनु भएकोमा बधाई छ । लेखकलाई विराटनगरको जस्तै अन्य शहरहरुका बारेमा थप कृतिहरु लेख्न अवसरहरु मिलोस् भन्दै राष्ट्रिय इतिहास लेखनमा एउटा ईंट थप्ने काम गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु ।

*पराजुली, जगतप्रसाद ( २०७९), विराटनगरको अन्वेषणात्मक इतिहास, काठमाडौं : सनातन प्रेस । (पृष्ठ : ३४६, मूल्य ६५०।-*